**निर्देशन नं.: लघु जीवनबीमा/०१**

**जारी मितिः २०७९/०८/२०**

१.१ **<u>लगानीको क्षेत्र र सीमाः</u>** लघु जीवन बीमा व्यवसाय गर्ने बीमकले लगानी गर्नुपर्ने लगानीको क्षेत्र र सीमा देहाय बमोजिम बमोजिम हुनेछः-

| क्र.सं. | लगानीको क्षेत्र | लगानीको सीमा | लगानीको शर्त | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा नेपाल राष्ट्र बैंकको वचतपत्र वा ऋणपत्र वा नेपाल सरकारको जमानत प्राप्त वचतपत्र वा ऋणपत्र | कुल लगानीको कम्तीमा पच्चिस प्रतिशतसम्म | - | यस खण्डमा उल्लेख भएको सीमा अनुरूप लगानी गर्न नसक्ने अवस्था आइपरेमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक वा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गर्नुपर्ने । |
| २. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'क' वर्गको बैंक तथा पूर्वाधार विकास बैंकको मुद्दति निक्षेप | कुल लगानीको कम्तीमा तीस प्रतिशतसम्म | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको बैंकमा कुल लगानीको बढीमा पन्ध्र प्रतिशत सम्म ।<br>तर, सञ्चालनमा आएको पाँच वर्ष नपुगेका बैंकमा कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म मात्र एउटै बैंकमा लगानी गर्न सकिने । | |
| ३. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "ख" वर्गको बैंड्क तथा वित्तीय संस्थामा राखिएको मुद्दति निक्षेप | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | कम्तीमा पाँच बर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको "ख" वर्गको बैंड्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा पाँच प्रतिशतसम्म र सञ्चालनमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | आएको पाँच वर्ष नपुगेका “ख” वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ४. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “ग” वर्गको बैंक तथा वित्तीय सस्थामा राखिएको मुद्दती निक्षेप | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कम्तीमा पाँच वर्षसम्म सञ्चालनमा आई आफ्नो हिसाब किताबको नियमित लेखापरीक्षण गराई कम्तीमा तीन वर्षसम्म नाफामा रहेको “ग” वर्गको बैंङ्क तथा वित्तीय संस्थामा कुल लगानीको बढीमा दुई प्रतिशत सम्म र सञ्चालनमा आएको पाँच वर्ष नपुगेका “ग” वर्गको बैंङ्क तथा वित्तीय संस्थाको हकमा कुल लगानीको बढीमा एक प्रतिशत सम्म एउटै बैंक तथा वित्तीय सँस्थामा लगानी गर्न सकिने । | |
| ५. | नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “क”, “ख” र “ग” वर्गको बैंक तथा वित्तीय सँस्थाको अग्राधिकार शेयर (साधारण शेयरमा परिणत नहुने), बन्ड, डिबेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा तीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ६. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको बन्ड, डिवेन्चर र ऋणपत्र | कुल लगानीको बढीमा बीस प्रतिशत सम्म | लगानी गरिने कम्पनीको चुक्ता पूँजीको दश प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न नपाइने । | |
| ७. | नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त धितोपत्र | कुल लगानीको बढीमा दश प्रतिशत सम्म | शेयर लगानी गरिने कम्पनीको चुक्ता पूँजीको पाँच प्रतिशत भन्दा बढी हुनेगरी लगानी गर्न | |

| | | | | |
|---|---|---|---|---|
| | विनिमय बजारमा सूचीकृत पब्लिक लिमिटेड कम्पनीको साधारण शेयर | | नपाइने । | |
| ८. | नागरिक लगानी कोष तथा म्युचुअल फण्डका लगानी योजनाहरू | कुल लगानीको बढीमा पाँच प्रतिशत सम्म | कुल लगानीको एक प्रतिशत भन्दा बढी रकम एउटै योजनामा लगानी गर्न नपाइने । | |

१.२ **<u>लगानी गर्न नपाइने</u>**: बीमकले निर्देशन नं. १.१ मा तोकिएको क्षेत्रभन्दा बाहेक हुनेगरी लगानी गर्न पाइनेछैन ।

१.३ **<u>लगानीको मूल्याङ्कन</u>**: घरजग्गा व्यवसायमा रहेको लगानीलाई कम्तीमा प्रत्येक तीन वर्षमा एकपटक मूल्याङ्कन गर्नुपर्नेछ ।

१.४ **<u>लगानीको सीमा कायम गर्नुपर्ने</u>**: (१) बीमकले यस निर्देशन अनुरूप कुल लगानीको आधारमा कायम गर्नुपर्ने लगानीको सीमा प्रत्येक दिन कायम गर्नुपर्नेछ ।

(२) कुनै कारणले मूल्य घटबढ भई वा प्रिएम्टिभ राइट वा गाभ्ने तथा गाभिने प्रक्रियाका कारणले सम्पतिको मूल्यले यस निर्देशनमा उल्लेख भएको न्यूनतम भन्दा कम र उच्चतम भन्दा बढी लगानी भएको देखिन आएमा त्यसरी सीमा नाघेको तीस कार्यदिन भित्र त्यस्तो लगानीलाई सीमा भित्र ल्याई सक्नु पर्नेछ ।

तर, मुद्दति निक्षेप वा डिवेन्चरमा गरिएको लगानी परिपक्व नभएसम्म सो रकम बराबरको लगानी यस निर्देशन बमोजिम भएको मानिनेछ ।

१.५ **<u>लगानी गर्न सकिने बैंक वा वित्तीय संस्था</u>**: बीमकले बैंक तथा वित्तीय सँस्थामा लगानी गर्दा कम्तीमा देहायको शर्त पालना गरेको हुनुपर्नेछ ।

(क) नेपाल राष्ट्र बैंकले तोकेको पूँजीकोष कायम गरेको,

(ख)नेपाल राष्ट्र बैंकले तोकेको सीमाभन्दा बढी निष्कृय कर्जा नरहेको,

(ग)नेपाल राष्ट्र बैंकबाट शीघ्र सुधारात्मक कारबाहीमा नपरेको ।

१.६ **<u>लगानी नीति तयार गर्नु पर्ने</u>**: बीमकले यस निर्देशनको अधिनमा रही लगानी नीति तयार गर्नुपर्नेछ र उक्त लगानी नीतिमा

कम्तीमा देहायका विषयहरू खुलाइएको हुनुपर्नेछः-

(क) बीमकको लगानीमा रहन सक्ने अन्तर्निहित जोखिम र सोको व्यवस्थापन,

(ख) सम्पत्ति दायित्व तथा तरलता व्यवस्थापन,

(ग) लगानी गर्ने सम्बन्धमा प्रक्रियागत व्यवस्था,

(घ) अख्तियार प्रत्यायोजन,

(ङ) लगानीसँग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणाली,

(च) लगानीका सम्बन्धमा सञ्चालक समिति तथा उच्च व्यवस्थापन सक्षम पेश गर्नुपर्ने प्रतिवेदन,

(छ) बीमकले आवश्यक ठानेका अन्य विषय ।

१.७ **<u>लगानी गर्न नपाउने</u>**:बीमकले यस निर्देशनमा उल्लेख भएको क्षेत्र तथा सीमा भन्दा बढी हुने गरी लगानी गर्न पाउने छैन ।

१.८ **<u>लगानीको अवधिः</u>** बीमकले लगानी गर्दा बीमा सम्बन्धी दायित्वको अवधिलाई ख्याल गरी लगानी गर्नुपर्ने छ ।

१.९ **<u>स्वीकृति लिनुपर्नेः</u>** बीमकले सहायक कम्पनीमा लगानी गर्नुपूर्व प्राधिकरणको स्वीकृति लिनु पर्नेछ ।

१.१० **<u>एअरमार्क गर्नुपर्नेः</u>** बीमकले आफ्नो कोषमा रहेको रकमहरूमध्ये नेपाल राष्ट्र बैंकबाट इजाजत पत्रप्राप्त बैंक तथा वित्तीय संस्था र पूर्वाधार विकास बैंकको मुद्दति निक्षेपमा लगानी गरेको रकम प्राधिकरणको नाममा एअरमार्क गर्नुपर्नेछ ।